# कोष तथा लेखा नियन्त्रक कार्यालय सप्तरीको

## बोलपत्र आव्हानको सूचना नं. १/०७४/०७५

## प्रथम पटक प्रकाशित मिति : २०७४/०७/३०

यस कार्यालयबाट तपसिल बमोजिमको कार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत पत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७४/०८/२९) भित्र रु. ३,०००।- दस्तुर (फिर्ता नहुने गरि) बुझाई अध्यावधिक इजाजत पत्र तथा मू.अ.कर र स्थायी लेखा नम्बर दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरि निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाँप गरि, सिलबन्दी गरि, खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखी २०७४/०९/०२ सम्म यस कार्यालयमा दिनको १२:०० बजेसम्ममा दर्ता गराउनु पर्नेछ । म्याद सकिएपछि प्राप्त हुने बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका बोलपत्रहरु सोही मिति २०७४/०९/०२ दिनको १:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. एक फर्म वा संस्थाको नाममा खरिद भएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४. बोलपत्र ९० दिनसम्मको लागि मान्य हुनेछ । बोलपत्रसाथ बिडबण्ड वापतको धरौटी रकम तपसिलमा उल्लेख भए बमोजिम बैंक जमानत वा को.ले.नि.का., सप्तरी (राष्ट्रिय बाणिज्य बैंक, सप्तरी) को धरौटी हि.नं. २१८०२०३०००००० (को.ले.नि.का., राजविराज, सप्तरीको कोड १५-३०५-०१) मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा बाणिज्य बैंकबाट जारी गरिएको बिडबण्ड (बोलपत्र मान्य हुने अवधिभन्दा ३० दिन बढी मान्य अवधि भएको) पेश गर्नु पर्नेछ ।

५. बोलपत्र सर्त रहित कार्यालयले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको सहि छाँप हुनु पर्नेछ । रित नपुगेको र सूचनाका सर्त बिपरित भएको बोलपत्र माथि कारवाही हुने छैन ।

६. बोलपत्रदाताले BOQ को अंक र अक्षरमा दुवै महलमा अनिवार्य रुपमा दररेट (मु.अ.कर बाहेक) उल्लेख गर्नुपर्नेछ । अक्षर र अंक फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ । बोलपत्रदाताले बोल कबोलको अन्तिम जोड जम्मा अंक उल्लेख गर्नुपर्ने छ ।

७. बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदा पछि कार्यालय खुलेको दिन तोकेको समयमा नै हुनेछ ।

८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना एवं बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सर्तहरु पुरा नभएको बोलपत्रमा कारवाही गरिने छैन ।

११. बोलपत्रको हकमा सूचना प्रकाशित भएको २०औं दिनको १:०० बजे निर्माण कार्य गर्न इच्छुक निर्माण व्यवसायीहरुसँग निर्माणस्थल र प्राविधिक स्पेशिफिकेशनका सम्बन्धमा छलफल गर्नका लागि यस कार्यालयमा बैठकको आयोजना हुनेछ ।

१२. बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कूल ल.ई. रकम ( कन्टिन्जेन्सी र भ्याट बाहेक) | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | १/०७४/०७५ | को.ले.नि.का., राजविराज, सप्तरीको बैठक कक्ष तथा अफिस कोठा निर्माण कार्य | ३६,९७,११६।४६ | १२५,०००।- | ३,०००।- |

**प्रमुख कोष नियन्त्रक**